# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, मंसिर १ गते, २०८१ साल (अतिरिक्ताङ्क ३९

## भाग ५

## निर्वाचन आयोगको

## सूचना

निर्वाचन आयोगले संवत् २०८१ साल मङ्सिर १६ गते सम्पन्न हुने जिल्ला समन्वय समितिका प्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा वडा अध्यक्ष र नगरपालिकाका प्रमुख, उपप्रमुख तथा वडा अध्यक्षको पदको उपनिर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्नका लागि निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) बमोजिम उपनिर्वाचन हुने जिल्लाभरि सो निर्वाचन आचारसंहिताको सम्पूर्ण व्यवस्था मिति २०८१।०८।०२ देखि निर्वाचन

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्पन्न नभएसम्म देहाय बमोजिम हुने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

१. आचारसंहिता लागू हुने व्यक्ति, निकाय तथा अधिकारीः

(क) नेपाल सरकार र नेपाल सरकारका मन्त्री,

(ख) प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री,

(ग) संवैधानिक निकाय र सो निकायका पदाधिकारी,

(घ) नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी,

(ङ) स्थानीय कार्यपालिका र सोका सदस्य,

(च) सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी,

(छ) सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी,

(ज) सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी,

(झ) राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

(ञ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,

(ट) राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि,

(ठ) सार्वजनिक पद धारण गरेको व्यक्ति,

(ड) अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता,

(ढ) पर्यवेक्षण संस्था तथा पर्यवेक्षक,

(ण) सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी,

(त) निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी,

(थ) विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(द) मतदाता,

(ध) विकास साझेदार संस्था,

(न) सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी,

(प) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी,

(फ) निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार,

(ब) वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार,

(भ) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति।

२. आचारसंहिता लागू भएको जिल्लाको निर्वाचन हुने स्थानीय तह बाहेक अन्य क्षेत्रमा निर्वाचन आचारसंहिताले निषेध गरेका कुनै कार्य गर्नु गराउनु परेमा निर्वाचन आयोगलाई पूर्व जानकारी दिई आयोगबाट निकासा भएबमोजिम हुनेछ ।

**आज्ञाले,**
**नारायण प्रसाद सापकोटा**
**निमित्त सचिव ।**

मुद्रण विभाग



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–**
**गो.हु.द.नं. १६/२०६२/६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।